# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, असार १७ गते, २०८१ साल (संख्या १६


## भाग ३

### अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

### सूचना

**<u>अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) नियमावली, २०८१</u>**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देहायका नियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ६ मा संशोधनः</u>** अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को,-

(१) उपनियम (२) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) भ्रष्टाचार गरी प्राप्त सम्पत्ति शुद्धीकरण गरेको भए सो को विवरण,"

(२) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-

"(३क) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १३ को उपदफा (१क) र दफा १४क. को उपदफा (२) बमोजिम भ्रष्टाचार र घुस सम्बन्धमा प्राप्त उजुरीका आधारमा आयोगले छानबिन गर्नु पर्नेछ ।"

३. **<u>मूल नियमावलीको नियम ७ मा संशोधनः</u>** मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः-

"७. **उजुरी दर्ता गर्ने**: (१) आयोगमा प्राप्त हुन आएका उजुरी निवेदन आयोगको गोश्वारा दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(२) आफ्नो नाम, ठेगाना सहितको विवरण गोप्य राख्ने गरी कसैले उजुरी दिएकोमा उजुरी दर्ता गर्दा उजुरीकर्ताको नाम र ठेगाना सहितको विवरणको सट्टा आयोगले तोकिदिए बमोजिमको सङ्केत राखी त्यस्तो उजुरी दर्ता गर्नु पर्नेछ ।"

४. **मूल नियमावलीको नियम १२ मा संशोधनः** मूल नियमावलीको नियम १२ को उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छः-

"(५) अनुसन्धान अधिकृतले आवश्यकता अनुसार सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १९ग. मा लेखिए बमोजिम देहायका विशेष अनुसन्धान विधि अवलम्बन गर्न सक्नेछः-

(क) नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलिभरी),

(ख) सुराकी परिचालन,

(ग) गुप्त अनुसन्धान कारबाही (अण्डर कभर अपरेशन),

(घ) टेलिफोन वा सञ्चार माध्यमको विवरण प्राप्त गर्ने (इन्टरसेप्सन),

(ङ) थप प्रमाण तथा सूचना हासिल गर्ने उद्देश्यले तत्काल पक्राउ नगर्ने



मुद्रण विभाग

(अरेस्ट वेभर),

(च) कम्प्यूटर वा अन्य विद्युतीय साधनको संरचना वा प्रणालीमा पहुँच।"

५. <u>मूल नियमावलीको नियम १२क. मा संशोधनः</u> मूल नियमावलीको नियम १२क. को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) सुराकी परिचालन गरी कसुरको सूचना प्राप्त गर्न र विशेष अनुसन्धानका लागि अनुसन्धान अधिकृतलाई सहयोग पुऱ्याउन आयोगले छुट्टै इकाई गठन गर्न सक्नेछ।"

६. **<u>मूल नियमावलीको नियम २३ मा संशोधनः</u>** मूल नियमावलीको नियम २३ को उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन्:-

"(४) उपनियम (३) बमोजिम समिति गठन भएकोमा आयोगमा प्रतिवेदन पेश हुनु अघि सो समितिमा अनुसन्धान अधिकृतबाट उपनियम (१) बमोजिम पेश भएको प्रतिवेदनउपर आवश्यक परीक्षण हुनेछ।

(५) उपनियम (४) बमोजिम परीक्षण गरी आयोगमा पेश गरिने विस्तृत अनुसन्धान प्रतिवेदनमा कानून बमोजिम आरोपपत्रमा खुलाउनु पर्ने कुराहरुका अतिरिक्त देहायका कुरा खुलाउनु पर्नेछः-

(क) मुद्दा नचल्ने राय भएकोमा सोको आधार र कारण,



मुद्रण विभाग, सिंहदरबार

(ख) मुद्दा चल्ने अवस्था भएको तर केही व्यक्तिउपर स्पष्ट नाम थर, वतन खुल्न नसकेको कारण विपक्षी बनाउन नसकिने भए सोको विवरण,

(ग) भ्रष्टाचारबाट प्राप्त सम्पत्ति शुद्धीकरण भए नभएको र भएकोमा सोको विवरण तथा प्रमाण ।"

७. <u>**मूल नियमावलीको नियम २७ मा संशोधनः**</u> मूल नियमावलीको नियम २७ को उपनियम (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-

"(ञ१) अभियोजन गर्न लागिएको कसुरबाट सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर भए वा नभएको र भएको भए त्यस्तो कसुरमा समेत हुने सजायको मागदावी,"

८. <u>**मूल नियमावलीको अनुसूची-७क. मा संशोधनः**</u> मूल नियमावलीको अनुसूची -७क. मा रहेका "भ्रष्टाचार निवारण ऐन,२०५९" भन्ने शब्दहरुपछि "र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४" भन्ने शब्दहरु थपिएका छन् ।

९. <u>**रुपान्तरः**</u> **मूल नियमावलीको,-**

(१) नियम ६ को उपनियम (१) र (३), नियम २१, नियम २६, नियम २७ को उपनियम (१), नियम ३९ को

उपनियम (२), अनुसूची-७ र अनुसूची-११ मा रहेको "भ्रष्टाचार" भन्ने शब्दको सट्टा "भ्रष्टाचार र सोसँग सम्बन्धित सम्पत्ति शुद्धीकरण" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

(२) नियम ११, नियम १४ को उपनियम (१), नियम १५, नियम २० को उपनियम (१), नियम ३९ को उपनियम (१) र नियम ४१ मा रहेका "अख्तियार दुरुपयोग" र "अख्तियारको दुरुपयोग" भन्ने शब्दहरुको सट्टा "अख्तियार दुरुपयोग र सोसँग सम्बन्धित सम्पत्ति शुद्धीकरण" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

**आज्ञाले,**
**रामेश्वर दंगाल**
**सचिव ।**

मुद्रण विभाग